# रोङ गाउँपालिका
## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

आ. व.:२०८१/०८२ मिति :२०८१/१०/२४

बैठक संख्या : ०९-२०८१/०८२ समय : बिहानको १०:३० बजेदेखि

आज मिति २०८१ माघ २४ गते बिहीबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो।

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | |
| ५ | श्री मातृका बराल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | मिना |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | |
| १३ | श्री युवराज खाम्बुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | दया |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | |
| १६ | श्री नारायण अर्याल | आमन्त्रित | ९८५२६४४६९९ | |
| १७ | रोशन मेहराई | आमन्त्रित | | |

# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**आ. व.**:२०८१/०८२
**बैठक संख्या :** ०९-२०८१/०८२

**मिति** :२०८१/१०/२४
**समय** : बिहानको १०:३० बजेदेखि

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

निर्णय १ : कार्यपालिकाको मिति : २०८१/१०/०३ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा ।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो । कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो ।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने ।

प्रस्ताव ४ : संघीय समपूरक अनुदान माग सम्बन्धमा ।

निर्णय ४ : आगामी आ. व. २०८२/८३ का लागि रोङ गाउँपालिकामा देहायका योजना कार्यान्वयन गर्नका लागि संघीय समपूरक अनुदान माग गर्ने :

देहाय :

| क्र. सं. | योजनाको नाम | जम्मा लागत रु. (३ वर्षीय योजना) | संघीय समपूरक अनुदानबाट (६०%) रु. | गाउँपालिकाको साझेदारी (४०%) रु. |
|---|---|---|---|---|
| १ | बरफल्याङ-बरभञ्ज्याङ-शान्तिपुर सडक (रोङ गाउँपालिका वडा नं. १ र २ को वडा कार्यालय, ४ वटा विद्यालय, स्वास्थ्य चौकी हुँदै मुख्य कार्यालय जोड्ने सडक) | जम्मा रु. ७ करोड<br>पहिलो वर्ष : २ करोड ५० लाख<br>दोस्रो वर्ष : २ करोड ५० लाख<br>अन्तिम वर्ष : २ करोड | पहिलो वर्ष: १ करोड ५० लाख<br>दोस्रो वर्ष: १करोड ५० लाख<br>अन्तिम वर्ष : १ करोड २० लाख | पहिलो वर्ष: १ करोड<br>दोस्रो वर्ष: १ करोड<br>अन्तिम वर्ष : ८० लाख |
| २ | भोटेटार-कौसेटार-सालबोटे-किटेनी सडक (४ नं. वडा कार्यालय, विद्यालय र स्वास्थ्य | जम्मा रु. ७ करोड<br>पहिलो वर्ष : २ करोड ५० लाख<br>दोस्रो वर्ष : २ करोड | पहिलो वर्ष: १ करोड ५० लाख<br>दोस्रो वर्ष: १करोड ५० लाख | पहिलो वर्ष: १ करोड<br>दोस्रो वर्ष: १ करोड<br>अन्तिम वर्ष : ८० लाख |

| | | | | |
|---|---|---|---|---|
| | चौकी हुँदै मुख्य कार्यालय जोड्ने सडक) | ५० लाख<br>अन्तिम वर्ष :<br>२ करोड | अन्तिम वर्ष : १ करोड २० लाख | |
| ३ | चौतारो-गाजले-सलकपुर-ढुङ्गे सडक | जम्मा रु. ७ करोड<br>पहिलो वर्ष : २ करोड ५० लाख<br>दोस्रो वर्ष : २ करोड ५० लाख<br>अन्तिम वर्ष :<br>२ करोड | पहिलो वर्ष: १ करोड ५० लाख<br>दोस्रो वर्ष: १ करोड ५० लाख<br>अन्तिम वर्ष : १ करोड २० लाख | पहिलो वर्ष: १ करोड<br>दोस्रो वर्ष: १ करोड<br>अन्तिम वर्ष : ८० लाख |

प्रस्ताव ५ : संघीय विशेष अनुदान माग सम्बन्धमा।

निर्णय ५ : आगामी आ. व. २०८२/८३ का लागि रोङ गाउँपालिकामा देहायका योजना कार्यान्वयन गर्नका लागि संघीय विशेष अनुदान माग गर्ने :

देहाय :

१) शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि (रु. ३ करोड)

२) लोपोन्मुख, आदिवासी, जनजाति, दलित, सिमान्तकृत वर्ग विशेष कृषि उपज प्रशोधन केन्द्र (आ. व. २०७९/०८० मा ३ वर्षीय योजना स्वीकृत भई आ. व. २०८०/०८१ बाट शुरु भएको योजना। तेस्रो तथा अन्तिम आ. व. २०८२/०८३ को लागि प्राप्त हुन बाँकी रु. २ करोड ३५ लाख माग गरिएको)

प्रस्ताव नं. ६

करारमा सेवा लिने सम्बन्धमा।

निर्णय नं. ६

देहायका रिक्त पदमा करारमा सेवा लिने प्रकृया अघि बढाउने :

देहाय

| क्र. सं. | पद | संख्या | आवश्यक शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | इन्जिनियर (सिभिल) (सातौं) | १ | सिभिल इन्जिनियरिङ विषयमा BE उत्तीर्ण तथा काउन्सिल दर्ता प्रमाणपत्र तथा लोक सेवा आयोगले तोकेका अन्य योग्यता |
| २ | कृषि प्राविधिक (सातौं) | १ | BSc Ag. तथा लोक सेवा आयोगले तोकेका अन्य योग्यता |
| ३ | भेटेरिनरी डाक्टर (छैटौं) | १ | BBSc. & AH उत्तीर्ण गरेको तथा लोक सेवा आयोगले तोकेका अन्य योग्यता |
| ४ | हेल्थ असिष्टेन्ट (पाँचौं) | २ | PCL in General Medicine उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता र नवीकरण भएको । आधारभूत कम्प्युटर सीप भएको तथा लो. से. आ. ले तोकेका अन्य योग्यता |
| ५ | हलुका सवारी चालक | १ | साक्षर, लाइसेन्स भएको। |
| ६ | एक्स्काभेटर अपरेटर | १ | साक्षर, लाइसेन्स भएको। |
| ७ | ब्याक हो लोडर अपरेटर | २ | साक्षर, लाइसेन्स भएको। |

| | | | |
|---|---|---|---|
| ८ | कार्यालय सहयोगी | २ | साक्षर |
| ९ | रिटर्नी स्वयंसेवक | १ | सामी कार्यक्रम अनुसार |
| १० | मनोसामाजिक परामर्शकर्ता | १ | सामी कार्यक्रम अनुसार |

प्रस्ताव ७ : श्री हाँसपोखरी निर्माण सेवा प्रा. लि. लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने सम्बन्धमा।

निर्णय ७ : श्री हाँसपोखरी निर्माण सेवा प्रा. लि. लाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने।

प्रस्ताव ८ : जिर्मले बहुसांस्कृतिक पार्क पर्यटन पूर्वाधार संस्थालाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय ८ : 'जिर्मले बहुसांस्कृतिक पार्क पर्यटन पूर्वाधार संस्था, रोङ - ६, इलामले सोनाम ल्होछार तथा विविध कार्यक्रम गरेबापत चालू आ. व. को स्वीकृत बजेटको 'आर्थिक सहायता' शीर्षकबाट रु. २०,०००।- (बीस हजार रुपैयाँ मात्र) भुक्तानी दिने।

प्रस्ताव ९: पाथीभरा क्षेत्रसँग सम्बन्धित विषयका सम्बन्धमा।

निर्णय ९ : रोङ गाउँपालिका, वडा नं. - ३ स्थित पाथीभरा क्षेत्रसँग सम्बन्धित देहाय अनुसार गर्ने :

(क) पाथीभरा क्षेत्रसँग सम्बन्धित योजनाहरुलाई २ वर्गमा वर्गीकरण गर्ने। तत्काल सञ्चालन गरिहाल्नुपर्ने कार्यको योजना उपभोक्ता समितिमार्फत् कार्यान्वयन गर्ने। बाँकी कार्यको लागि बहुवर्षीय योजना बनाई दुई आर्थिक वर्षमा सम्पन्न गर्ने गरी ठेक्का मार्फत् कार्यान्वयन गर्ने।

(ख) पाथीभरा विकास समितिको आ. व. २०८०/०८१ को आर्थिक तथा अन्य कारोबारहरुको लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने।

(ग) पाथीभरा संरक्षण तथा व्यवस्थापन समितिको आ. व. २०८०/०८१ को आर्थिक तथा अन्य कारोबारहरुको लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्ने।

(घ) पाथीभरा संरक्षण तथा व्यवस्थापन समितिले प्रभावकारी र निर्विवाद रुपमा कार्य सम्पादन गरे बापत् प्रशंसापत्र सहित सम्मान गर्ने।

(ङ) ऐन बमोजिम पाथीभरा संरक्षण तथा व्यवस्थापन समितिका देहायका पदाधिकारी तथा सदस्यहरुको म्याद थप गर्ने :

| क्र. सं. | नाम, थर | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दिलीप राई | अध्यक्ष | रोङ-३, इलाम | |
| २ | श्री एगा अर्याल | सचिव | रोङ-३, इलाम | |
| ३ | श्री कृष्ण भुजेल | कोषाध्यक्ष | रोङ-३, इलाम | |

| | | | | |
|---|---|---|---|---|
| ४ | सन्तोष राई | सदस्य | रोङ-३, इलाम | |
| ५ | पुष्प राई | सदस्य | रोङ-३, इलाम | |
| ६ | दुर्गा भुजेल | सदस्य | रोङ-३, इलाम | |
| ७ | श्री पुरण राई | सदस्य | रोङ-३, इलाम | |
| ८ | श्री किरण राई | सदस्य | रोङ-३, इलाम | |
| ९ | श्री कमल अर्याल | सदस्य | रोङ-३, इलाम | |

प्रस्ताव १० : निजी वन तथा नम्बरी जग्गाको रुख कटानको सिफारिस, अनुमती, कटान, घाटगाद्दी, स्थानान्तरण तथा ढुवानी सम्बन्धमा।

निर्णय १० : रोङ गाउँपालिका क्षेत्रका निजी वन तथा नम्बरी जग्गाको रुख कटानको सिफारिस, अनुमती, कटान, घाटगाद्दी, स्थानान्तरण तथा ढुवानी सम्बन्धमा देहाय बमोजिम गर्ने :

(क) निजी जग्गाको रुख कटान प्रयोजनको लागि गरिने सर्जिमिन मुचुल्काको लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति (अमिन, सर्भेयर) रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध कर्मचारीमध्येबाट नै प्रयोग गर्नुपर्ने।

(ख) निर्णय नं. १ बमोजिम उपलब्ध हुने कर्मचारीलाई मुचुल्का बापत वडा नं ३ र ४ को लागि प्रति कित्ता रु. ३,०००/- र बाँकी वडाको लागि प्रति कित्ता रु. ५,५००/- साथै सोही मुचुल्कामा थप हुने प्रत्येक कित्ता बापत रु. २,५००/- को दरले राजस्व रसिद सहित रीत पुगेको कागजात कार्यालयमा पेश भए प्रमुख प्रशासकीय अधिकृतले तोक आदेश गरी कर्मचारी खटाउनु पर्ने।

(ग) त्यसरी तयार भएको मुचुल्काको आधारमा वडा कार्यालयले रुख कटान आदेशको लागि आवश्यक प्रक्रिया पूरा गरी सिफारिस गर्न सक्ने।

(घ) यसरी सम्पूर्ण प्रक्रिया पूरा गरी डिभिजन वन कार्यालय, इलामबाट कटान आदेश स्वीकृत भएपश्चात कटान आदेशको एक प्रति अभिलेख तथा समन्वय गर्ने प्रयोजनको लागि रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको लागि उपलब्ध गराउन डिभिजन वन कार्यालय, इलाम र जिल्ला प्रशासन कार्यालय, इलामलाई पत्रचार गर्ने।

(ङ) यसअघि प्रक्रिया पूरा गरी कटान भएका सम्पूर्ण फाइलको काम कारबाही यस कार्यालयको मौखिक निर्देशनमा सबैतिर रोकिएको, उक्त रोकिएको फाइलको वडा कार्यालयले गर्ने अनुगमन कार्य समेत रोकिएकोमा उक्त रोकिएको फाइलको वडा कार्यालयले आवश्यक अनुगमन गरी रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई पत्रचार गरे पश्चात उक्त रोकिएको फाइलको काम कार्बाही अगाडी बढाइने।

(च) वडा कार्यालयबाट प्राप्त सिफारिसका आधारमा डिभिजन वन कार्यालयबाट रुख कटान अनुमति प्राप्त गरी रुख कटान तथा घाटगद्दी गर्ने क्रममा रोङ गाउँपालिकाभित्रका सडकहरुमा सडकको नाली/पेटीमा क्षति पुगेको, काठजन्य सामाग्रीले नाली भरिएर नालीमा बग्ने पानी सडकमा आउने भएकोले रुख कटान गरी घाटगद्दी गर्ने व्यवसायी, समुह वा व्यक्तिबाट नै नाली मर्मत साथै सफा गराउने ।

(छ) सम्बन्धित वडाले निषेध गरेका स्थानम घाटगाद्दी गर्न नपाइने । घाटगाद्दी गर्न निषेध गरिएका स्थानमा रहेका काठहरु गाउँपालिकाले जुनसुकै बेला जफत गर्न सक्ने ।

(ज) सम्बन्धित कार्यालयबाट रुख कटानको अनुमति प्राप्त गरेपछि वैशाख मसान्तसम्ममा रुख कटान गरिसक्नुपर्ने । जेष्ठ महिनादेखि वर्षा सुरु हुने र कटान गरिएको रुख ढुवानी गर्दा भित्री सडकहरु बिग्रिने सम्भावना भएकोले जेठ ११ पछि रुख, गोलिया तथा दाउरा स्थानान्तरण तथा ओसारपसार गर्न प्रतिबन्ध लगाउने ।

प्रस्ताव ११ : रुख कटान सम्बन्धी जानकारी माग गर्ने सम्बन्धमा ।

निर्णय ११ : रोङ गाउँपालिकाका वडाबाट सिफारिस भई डिभिजन वन कार्यालय, इलामबाट रोङ गाउँपालिका क्षेत्रभित्रका निजी, नम्बरी, सामुदायिक वन, धार्मिक वन तथा अन्य वन क्षेत्रका रुख कटान आदेश स्वीकृत भएपछि के-कति रुख कटान भयो भन्ने बारेमा रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गतका वडा कार्यालयहरुमा जानकारी प्राप्त नहुने गरेकोले प्रत्येक पटक सो को विवरण सहितको जानकारी पठाइदिन हुन भनी डिभिजन वन कार्यालय, इलामलाई पत्राचार गर्ने भनी गाउँ कार्यपालिकाको मिति : २०८१/१०/०३ गतेको बैठकको निर्णयका आधारमा यस कार्यालयले मिति २०८१/१०/०९ गते पत्राचार गरेकोमा हालसम्म सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त नभएकोले विवरण नपठाउनुको कारण माग गर्ने ।

प्रस्ताव १२: कार्यक्रमको चियानास्ता खर्च भुक्तानी दिने सम्बन्धमा ।

निर्णय १२ : रोङ गाउँपालिका, वडा नं. - ३ हाँसपोखरी र मझुवा क्षेत्रका नागरिकहरुलाई मिति : २०८१/०८/११ गते संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तारा गाउँ विकास समितिले आयोजना गरेको १ दिवसीय होमस्टे (घरबास) पर्यटन सम्बन्धी जनचेतनामूलक कार्यक्रममा सहभागीहरुले खाजानास्ता खाए बापतको खर्च रकम गाउँपालिकाको 'विविध' शीर्षकमा रहेको रकमबाट रु. १,७००।- भुक्तानी दिने ।

प्रस्ताव १३ : कभर्ड हलका लागि आवश्यक रकम उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय १३ : रोङ गाउँपालिका, वडा नं. - ३ हाँसपोखरीमा रहेको कभर्ड हलमा ब्याडमिन्टन खेल खेल्नको लागि आवश्यक पार्केटिङ सोलार प्यानल जडान आदि कार्य गर्नका लागि स्वीकृत लागत अनुमान बमोजिमको रकम उपलब्ध गराउने । (स्रोत : लागत साझेदारी)

प्रस्ताव १४ : श्रमिक व्यवस्थापन बापतको खर्च उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय १४ : रोङ गाउँपालिका, वडा नं. - ६ स्थित पाटापुर चर्चले उक्त क्षेत्रमा रहेका मूख्य सडकहरुको सोलिङको लागि आवश्यक पर्ने ढुंगाको प्रबन्ध गर्ने भएकोले उक्त सोलिङ गर्नका लागि आवश्यक श्रमिक व्यवस्थापन बापतको खर्च उपलब्ध गराउने। (स्रोत : लागत साझेदारी)

प्रस्ताव नं. १५

शान्तिपुर माध्यमिक विद्यालयको नवनिर्मित चार कोठे भवनको रंगरोगनका लागि आवश्यक बजेटको प्रबन्ध गर्ने सम्बन्धमा।

निर्णय नं. १५

रोङ गाउँपालिका, वडा नं.-२ मा रहेको शान्तिपुर माध्यमिक विद्यालयको नवनिर्मित चार कोठे भवन रंगरोगनका लागि स्वीकृत लागत अनुमानका आधारमा आवश्यक बजेटको प्रबन्ध गर्ने (श्रोत : लागत साझेदारी)।

प्रस्ताव नं. १६

रोङ गाउँपालिका, वडा नं.-२ मा रहेको बरफल्याङ अस्थायी प्रहरी बिटलाई विपद् व्यवस्थापनसँग सम्बन्धित सामाग्री सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं. १६

रोङ गाउँपालिका, वडा नं.-२ मा रहेको बरफल्याङ अस्थायी प्रहरी बिटलाई विपद् व्यवस्थापनसँग सम्बन्धित देहायका सामाग्री खरिद गरी हस्तान्तरण गर्ने (श्रोत : विपद् व्यवस्थापन):

(क) बन्चरो : १ थान

(ख) टर्च लाइट : २ थान

(ग) सिक्कल : २ थान

(घ) LED बल्ब

प्रस्ताव नं. १७

देहायका सडक मर्मतका लागि आवश्यक बजेट प्रबन्ध गर्ने सम्बन्धमा।

निर्णय नं. १७

रोङ गाउँपालिका, वडा नं.-४ का देहायका रोङ गाउँपालिका, वडा नं.-४ का देहायका सडकमा आवश्यक तारजाली लगाउन गर्न बजेट प्रबन्ध गर्ने (श्रोत : मर्मत सम्भार)।

(क) बाहुनीखर्क सडक (कार्यालयबाट बढीमा रु . १,९०,०००।- र नपुग रकम उपभोक्ता समितिले व्यहोर्ने)

(ख) विश्वकर्मा मन्दिर-जिर्मले भञ्ज्याङ सडक (स्वीकृत लागत अनुमान अनुसार)।

(ग) लसुने-साम्पाङ गाउँ सडक मर्मत (रु. १ लाख २० हजार)।

प्रस्ताव नं. १८

घरबास (Homestay) पर्यटन सम्बन्धी १ दिवसीय जनचेतनामूलक कार्यक्रमका सहभागीहरुले गरेको चियानास्ता बापतको खर्च भुक्तानी दिने सम्बन्धमा।

निर्णय नं. १८

रोङ गाउँपालिका, वडा नं. ३ अन्तर्गत हाँसपोखरी र मझुवा क्षेत्रका नागरिकहरुलाई मिति : २०८१/०८/११ गते घरबास (Homestay) पर्यटन सम्बन्धी १ दिवसीय जनचेतनामूलक कार्यक्रम गरिएको र सो कार्यक्रमका सहभागीहरुले गरेको चियानास्ता बापतको खर्च रु.१,७००।- भुक्तानी दिने (श्रोत : विविध)।

प्रस्ताव नं. १९

आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं. १९

देहायका व्यक्ति तथा संस्थाहरुलाई देहाय बमोजिम आर्थिक सहयोग गर्ने (श्रोत : आर्थिक सहायता):

(क) बिरामी तथा घाइतेहरुलाई आर्थिक सहायता

| क्र. सं. | सहयोग पाउनेको नाम, थर, ठेगाना | सहयोग गर्नुपर्ने कारण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सुकमाया लिम्बू, रोङ - ३, इलाम | मुटुरोग उपचार सहयोग | १०,०००।- | |
| २ | सिता सार्की, रोङ - १, इलाम | बिरामी उपचार | १०,०००।- | |
| ३ | सन छिरिङ लाप्चा, रोङ - १, इलाम | बिरामी उपचार | १०,०००।- | |
| ४ | शान्ता राई रोङ - ३, इलाम | बिरामी उपचार | १०,०००।- | |

(ख) अन्य आर्थिक सहायता

| क्र. सं. | सहयोग पाउनेको नाम, थर | सहयोग गर्नुपर्ने कारण | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल तामाङ घेदुङ, जिल्ला समन्वय समिति, इलाम | सोनाम ल्होच्छार कार्यक्रम (२०८१ माघ १७ गते) | २५,०००।- | |
| २ | स्वतन्त्र विद्यार्थी यूनियन, गरुवा बहुमुखी क्याम्पस, माई नगरपालिका | हितकोष स्थापना गर्न | २०,०००।- | |
| ३ | रोङ गाउँपालिका, वडा नं. - २ का विभिन्न निवेदकहरु | परम्परागत बाजा खरिद | | |
| ४ | साहित्य कला संगीत प्रतिष्ठान, इलाम | इलाम साहित्य महोत्सव, २०८१ आयोजना गर्न | २०,०००।- | |

प्रस्ताव नं. २०

स्वास्थ्यसँग सम्बन्धित विषयहरु

निर्णय नं. २०

स्वास्थ्यसँग सम्बन्धित विषयहरुमा देहायका निर्णय गर्ने :

(क) रोङ गाउँपालिका, वडा नं. ०५ स्थित अस्थायी कोभिड अस्पतालमा रहेका औजार, उपकरण र सामाग्रीहरु विभिन्न स्वास्थ्य संस्थाहरुमा पठाई व्यवस्थित गर्ने।

प्रस्ताव नं. २१

विद्यालय सुधार तथा गुणस्तर सुधार सम्बन्धमा।

निर्णय नं. २१

रोङ गाउँपालिकाभित्रका सामुदायिक विद्यालय सुधार तथा गुणस्तर सुधारका सूक्ष्म व्यवस्थापनका लागि सबै वडाहरु, शिक्षक, अभिभावक, सरोकारवालाहरु सबैबाट सुझाब लिने। उक्त कार्यको संयोजन शिक्षा, युवा तथा खेलकूद शाखाले गर्ने।

प्रस्ताव नं. २२

रोङ बाहिर रहेका विद्यार्थीहरुको जीवनोपयोगी सीप विकास गर्ने सम्बन्धमा।

निर्णय नं. २२

रोङ गाउँपालिकामा स्थायी बसोबास भई हाल रोङ गाउँपालिका क्षेत्र बाहिर रहेका विद्यार्थीहरुलाई जीवनोपयोगी सीप विकास गर्ने। शुरुमा शेयर बजार सम्बन्धी तालिम दिने। (स्रोत : लागत साझेदारी)

प्रस्ताव नं. २३

मध्यमकालीन खर्च संरचना तयार गर्ने सम्बन्धमा।

निर्णय नं. २३

रोङ गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्ने। (स्रोत : परामर्श सेवा)

प्रस्ताव नं. २४

'रोङ प्रतिभाको खोजी' शीर्षकको रकम कार्यान्वयन गर्ने सम्बन्धमा।

निर्णय नं. २४

रोङ गाउँपालिकाको चालू आ. व. २०८१/०८२ को स्वीकृत बजेटको 'रोङ प्रतिभाको खोजी' शीर्षकमा रहेको रु. १०,००,०००।- (दश लाख रुपैयाँ मात्र) बाट गत आ. व. २०८०/०८१ मा आयोजित 'Rong Got Talent' का Top 5 हरुको प्रतिभा प्रवर्द्धन गर्ने। निजहरुको माग अनुसार सामान खरिद गरिदिने, प्रशिक्षण लिएबापतको शुल्क तिरिदिने आदि।

प्रस्ताव नं. २५

विभिन्न समिति गठन गर्ने सम्बन्धमा।

निर्णय नं. २५

देहायका विभिन्न समिति गठन गर्ने :

(क) <u>रोङ कृषि ऐन मस्यौदा समिति</u>

- ✓ श्री मातृका बराल (३ नं. वडा अध्यक्ष) : संयोजक
- ✓ श्री मनोहरि खड्का (१ नं. वडा अध्यक्ष) : सदस्य
- ✓ श्री युवराज खापुवा (कार्यपालिका सदस्य) : सदस्य

(ख) <u>रोङ प्रज्ञा प्रतिष्ठान ऐन मस्यौदा समिति</u>

- ✓ श्री राजकुमार लाप्चा (४ नं. वडा अध्यक्ष) : संयोजक
- ✓ श्री नानू तामाङ (कार्यपालिका सदस्य) : सदस्य

✓ श्री मिनादेवी तामाङ (कार्यपालिका सदस्य) : सदस्य

(ग) पाथीभरा विकास ऐन संशोधन समिति

✓ श्री इन्दिरा विश्वकर्मा (कार्यपालिका सदस्य) : संयोजक

✓ श्री दल बहादुर पुलामी (५ नं. वडा अध्यक्ष) : सदस्य

✓ श्री चन्द्र शेखर घिमिरे (२ नं. वडा अध्यक्ष) : सदस्य

प्रस्ताव नं. २६

नेपाल टेलिकम र एन सेलको नेटवर्कको क्षमता वृद्धि सम्बन्धमा।

निर्णय नं. २६

रोङ गाउँपालिका क्षेत्रमा नेपाल टेलिकम र एन सेलको नेटवर्कको क्षमता वृद्धि गर्नका लागि सम्बन्धित सेवा प्रदायक संस्थाहरुसँग समन्वय गर्ने।

प्रस्ताव नं. २७

वडा नं. ६ को हेल्थ पोष्टदेखि जिर्मले आ. वि. हुँदै वडा कार्यालयसम्मको सडक मर्मत गर्ने सम्बन्धमा।

निर्णय नं. २७

स्वीकृत लागत अनुमानका आधारमा रोङ गाउँपालिका, वडा नं. ६ को हेल्थ पोष्टदेखि जिर्मले आ. वि. हुँदै वडा कार्यालयसम्मको सडक मर्मत गर्ने। (स्रोत : लागत साझेदारी)

प्रस्ताव नं. २८

सार्वजनिक सुनुवाई कार्यक्रमको चियानास्ता खर्च भुक्तानी गर्ने सम्बन्धमा।

निर्णय नं. २८

मिति : २०८१ मंशिर २३ गते रोङ गाउँपालिका, वडा नं. ३, कुटीडाँडामा इलाम जिल्लाका प्रमुख जिल्ला अधिकारी ज्यूको प्रमुख आतिथ्यतामा भएको सार्वजनिक सुनुवाईमा चियानास्ता बापत् भएको खर्चको भुक्तानी दिने।(स्रोत: विविध)

प्रस्ताव नं. २९

LISA को प्राप्ताङ्क अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय नं. २९

रोङ गाउँपालिकाको आ. व. २०८०/०८१ को स्थानीय शासन संस्थागत स्वमूल्याङ्कन (LISA) गर्दा ७९.२५ अंक प्राप्त भएकोमा सो अनुमोदन गरी सार्वजनिक गर्ने।

प्रस्ताव नं. ३०

गाउँसभाको १८ औं अधिवेशन आह्वान गर्ने सम्बन्धमा।

निर्णय नं. ३०

मिति : २०८१ फागुन २५ गते बिहानको ११ बजेदेखि रोङ गाउँपालिकाको सभाकक्षमा रोङ गाउँपालिका, गाउँसभाको १८ औं अधिवेशन आयोजना गर्ने।

प्रस्ताव नं. ३१

शिक्षकको तलब व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. ३१

चालू आर्थिक वर्षमा रोङ गाउँपालिका, ६ नं. वडातर्फ स्वीकृत बजेटको 'विविध' शीर्षकमा रहेको रु. ३,७०,०००।- मध्येबाट रोङ गाउँपालिका, वडा नं. -६, सलकपुरस्थित श्री मोतीराम माध्यमिक विद्यालयका स्वयंसेवक शिक्षकको तलब बापत् बढीमा रु. १,२०,०००।- भुक्तानी दिने।

प्रस्ताव नं. ३२

प्रमेश राईलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा।

निर्णय नं. ३२

Himalaya TV HD मार्फत् प्रशारण भइरहेको गायन रियालिटी शो The Voice of Nepal, Season 6 का विभिन्न चरणहरु पार गर्दै आएका रोङ गाउँपालिका, वडा नं. - ६ का गायक प्रमेश राईलाई थप तयारीका लागि रु. ३५,०००।- आर्थिक सहयोग गर्ने। साथै लागि कार्यालयकै खर्चले गायक प्रमेश राईको प्रचारका सामाजिक सञ्जालमा Boost गर्ने। (श्रोत : आर्थिक सहायता)

प्रस्ताव नं. ३३

बाल कल्याण अधिकारी तोक्ने सम्बन्धमा।

निर्णय नं. ३३

'बालबालिका सम्बन्धी ऐन, २०७५' को दफा ६१ तथा रोङ गाउँपालिकाको 'बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०८१' को दफा २ (ङ) बमोजिम यस कार्यलयका सहायक महिला विकास निरीक्षक श्री राधिका तामाङलाई यस कार्यलयको 'बाल कल्याण अधिकारी' तोक्ने।

प्रस्ताव नं. ३४

सरसफाईकर्मीलाई दैनिक ज्यालादारीमा काममाजमा खटाउने सम्बन्धमा।

निर्णय नं. ३४

रोङ - ३ बस्ने रञ्जना रायलाई हाजिर भई काम गरेको दिनको प्रतिदिन रु. ६५०।- का दरले तत्कालका लागि दैनिक ज्यालादारीमा सम्झौता गरी कामकाजमा राख्ने।

प्रस्ताव नं. ३५

हात्ती प्रकोप नियन्त्रण सम्बन्धमा।

निर्णय नं. ३५

वडा नं. ६ मा हात्ती प्रकोप नियन्त्रण कार्यक्रम शीर्षकमा बढीमा रु. १,५०,०००।- खर्च गर्ने। उक्त रकम 'लागत साझेदारी' शीर्षकबाट व्यहोर्ने।

प्रस्ताव नं. ३६

वडा नं. ६ रम्भ्याङका लागि खानेपानीको पाइप खरिद गर्ने सम्बन्धमा।

निर्णय नं. ३६

स्वीकृत लागत अनुमानका आधारमा वडा नं. ६ रम्भ्याङका लागि खानेपानीको पाइप खरिद गर्ने। उक्त रकम 'लागत साझेदारी' शीर्षकबाट व्यहोर्ने।

प्रस्ताव नं. ३७

नेपाल टेलिभिजन (एन. टि. भि. इटहरी च्यानल) सँग कार्यक्रम सम्झौता गर्ने सम्बन्धमा।

निर्णय नं. ३७

रोङ गाउँपालिकाका विकास गतिविधि तथा सेवा प्रवाहको स्थितिबारे श्रव्यदृश्य सामाग्री तयार गरेर आफ्नो टेलिभिजन च्यानलबाट प्रशारण गर्ने गरी नेपाल टेलिभिजन (एन. टि. भि. इटहरी च्यानल) सँग कार्यक्रम सम्झौता गर्ने। कार्यक्रम सम्झौता रकम मू. अ. करसहित बढीमा रु. २,२६,०००।- हुने। उक्त रकम चालू आ. व. को लागि स्वीकृत बजेटको 'परामर्श सेवा' बाट भुक्तानी दिने।

प्रस्ताव नं. ३८

आधारशीला कार्यक्रम सम्झौता गर्ने सम्बन्धमा।

निर्णय नं. ३८

रोङ गाउँपालिकाकाभित्रका सबै सहकारी संस्थाहरुको जागरण, प्रवर्द्धन, विकास र सञ्जालीकरणको अभ्यास मार्फत वित्तीय पहुँच अभिवृद्धि, सहकारी शिक्षा, विषयगत अभ्यासको विकास, दिगो संस्थागत विकास र उद्यमशील सदस्यहरु प्रवर्द्धन गर्ने प्रयोजनका लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) सँग कार्यक्रम सम्झौता गर्ने। कार्यक्रम सम्झौता रकम मू. अ. करसहित बढीमा रु. ४,९८,६००।- हुने। उक्त रकम चालू आ. व. को लागि स्वीकृत बजेटको 'परामर्श सेवा' बाट भुक्तानी दिने।

प्रस्ताव नं. ३९

'लागत साझेदारी' बाट केही रकम व्यहोर्ने सम्बन्धमा।

निर्णय नं. ३९

रोङ गाउँपालिकाको चालू आर्थिक वर्षको स्वीकृत बजेटको 'लागत साझेदारी' बाट देहाय बमोजिमको रकम व्यहोर्ने :

- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत 'श्री किसान जनहित आधारभूत विद्यालय सिरिसे विद्यालय घेराबारा' का लागि : रु. ८०,१३२।-
- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत 'तीनघरे-झापा सडक निर्माण तथा मर्मत' का लागि : रु. ४,२१,६२७।-
- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत उल्लिखित योजनाहरुका लागि 'मिक्स्चर मेशिन' खरिदका लागि : रु. ३०,०००।-

प्रस्ताव नं. ४०,

दण्ड तथा जरिवाना सम्बन्धमा।

निर्णय नं. ४०,

रोङ गाउँपालिका भित्र अनाधिकृत रुपमा प्रवेश गरि ठूलो मेसिनद्वारा प्राकृति स्रोतको दोहन गर्ने

प्रस्ताव नं. ४१

दैनिक ज्यालादारीमा काममाजमा खटाउने सम्बन्धमा।

निर्णय नं. ४१

पाथीभरा संरक्षण तथा व्यवस्थापन समितिमा रहेर सहायक कम्प्युटर अपरेटको रुपमा रही आवश्यक कामकारबाही गर्ने प्रयोजनका लागि रोङ - ६ बस्ने सलिना राईलाई हाजिर भई काम गरेको दिनको प्रतिदिन रु. ९५०।- का दरले तत्कालका लागि दैनिक ज्यालादारीमा सम्झौता गरी कामकाजमा राख्ने।

प्रस्ताव नं. ४२

तेलपानी खोला कटहरे सिंचाई योजनाको भेरिएसन अर्डर स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय नं. ४२

आ. व. २०८०/०८१ देखि साना सिँचाई कार्यक्रम अन्तर्गत संचालित तेलपानी खोला कटहरे सिंचाई योजना उपभोक्ता समितिबाट निर्माण गर्ने गराउने सिलसिलामा साईटको अवस्था अनुसार Original Estimate को भन्दा केही आइटमहरु थपघट गर्नुपर्ने अवस्था सिर्जना भएको। सोही अनुसार गरिदिन हुन भनी यस कार्यालयमा उपभोक्ता समितिबाट मिति २०८१/०९/२९ मा निवेदन दर्ता भई सोही अनुसार प्रक्रिया अघि बढाइएको। उक्त निर्माण कार्य गर्ने गराउने सिलसिलामा लागत अनुमानमा भएका केही आइटमहरु आवश्यक नरहेको तथा केही आइटमहरुमा घटबढ गरी निर्माण कार्य पूरा गर्नुपर्ने देखिएको। सो सम्बन्धमा परिमार्जित प्रतिवेदन समेत तयार भएको। उक्त यस योजनाको Original Engineer's Estimate Amount NRs. ६०,२८,३९२।६७ रहेको र Revised Engineer's Estimate Amount NRs. ६१,३८,८६५।८७/- रहेको। उक्त Amount Original Engineer's Estimate Amount भन्दा Revised Engineer's Estimate Amount रु. १,१०,४७३।२० (१.८३ प्रतिशत) ले बढी भएकोले नेपाल सरकार, प्रदेश सरकार तथा स्वीस सरकारबाट चालू आ. व. का लागि बाँकी विनियोजित बजेटको सीमा ननाघ्ने तथा उपभोक्ता समितिलाई रु. ११,०४७।३२ र कार्यालयलाई रु. २२,०९४।६४ थप आर्थिक दायित्व पर्ने देखिएको। उपभोक्ता समिति र कार्यालयले आ-आफ्नो तर्फबाट व्यहोर्नुपर्ने थप आर्थिक दायित्व व्यहोर्ने गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम भेरीएसन आदेश नं. १ स्वीकृत स्वीकृत गर्ने। (थप लागत व्यहोर्ने श्रोत : लागत साझेदारी)

प्रस्ताव नं. ४३

प्रारम्भिक प्रतिवेदनमा उल्लिखित विषयमा संशोधन गर्ने सम्बन्धमा।

निर्णय नं. ४३

यस रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले गत आर्थिक वर्ष २०८०/८१ मा ठेक्का नं. RRM/ILAM/NCB/WORKS/080/81/19 अनुसार 'कृषि उपज केन्द्र भवन, रोङ -६' निर्माण कार्य गर्नका लागि मिति : २०८०/०९/१९ गते बोलपत्र आह्वान गरी मिति : २०८०/११/१४ गते देउसाली कन्स्ट्रक्सन एण्ड रियल स्टेट प्रा. लि. सँग सम्झौता गरेको।

मिति : २०८१/०१/३१ सम्ममा कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भए पनि उक्त समयसीमाभित्र कार्य सम्पन्न नभएको । गाउँ कार्यपालिकाको मिति : २०८१/०१/२० को बैठकले गरेको निर्णय समेतका आधारमा मिति : २०८१/०३/२० सम्मका लागि उक्त ठेक्काको म्याद थप गरिएको। यसरी थप गरिएको

म्यादभित्र पनि कार्यसम्पन्न नभएको । गाउँ कार्यपालिकाको मिति : २०८१/०३/२४ को बैठकले गरेको निर्णय समेतका आधारमा मिति : २०८१/०४/३० सम्मका लागि उक्त ठेक्काको म्याद पुन थप गरिएको ।

आर्थिक वर्ष २०८०/८१ को अन्तिम लेखा परीक्षणको क्रममा गाउँपालिकाले मिति २०८१/०४/३० गतेसम्म दोस्रो पटक म्याद थप गरेको भएता पनि लेखा परीक्षण गरिएको मिति : २०८१/०९/२५ गतेसम्म पनि कार्यसम्पन्न प्रतिवेदन पेश नगरेकोले म्याद समाप्त भएको मितिभन्दा पछाडीको अवधिको पूर्व निर्धारित क्षतिपूर्ति लिएर सम्झौता बमोजिमको कार्य गराउनु पर्ने भनी प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको ।

मिति : २०८१/०४/०८ गते सम्बन्धित कम्पनीले कार्यसम्पन्न भएको हुँदा अनुगमन, नापँजाच, बिलिङ गरी भुक्तानी गरीपाऊँ भनी निवेदन पेश गरेको, रोङ गाउँपालिकाको अनुगमन समितिले मिति : २०८१/०४/१४ गते अनुगमन गरी सम्झौता बमोजिमको कार्यसम्पन्न भएको पाएको भनी प्रतिवेदन पेश गरेको, रोङ गाउँपालिका वडा नं. ६ को चलानी नं. १३०, मिति: २०८१/०४/१५ गतेको सिफारिस पेश भएको, गाउँपालिकाको प्राविधिक शाखाबाट मिति २०८१/०४/२० गते कार्यसम्पन्न प्रतिवेदन पेश भएकोले उक्त योजनाको विधिवत् रुपमा कार्यसम्पन्न भएको देखिएकोले बेरुजुमा उल्लेखित भएको पुर्वनिर्धारित क्षतिपूर्ति नलिई बिल बमोजिम भुक्तानी दिन सकिने अवस्था भएको हुँदा प्रारम्भिक प्रतिवेदनमा आवश्यक परिमार्जन गर्नका लागि आवश्यक कागजात सहित महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने ।

प्रस्ताव नं. ४४

किसान जनहित आधारभूत विद्यालयका लागि खानेपानीको ट्याङ्की खरिद गरी हस्तान्तरण गर्ने सम्बन्धमा ।

निर्णय नं. ४४

किसान जनहित आधारभूत विद्यालयका लागि १००० लिटर क्षमताको स्टिलको खानेपानी ट्याङ्की तथा त्यसमा लाग्ने धारा समेत खरिद गरी हस्तान्तरण गर्ने । (श्रोत : लागत साझेदारी)

प्रस्ताव नं. ४५

सोमन्ती विश्वकर्मालाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. ४५

रोङ गाउँपालिका, वडा नं - २ निवासी बिरामी भई उपचाररत सोमन्ती विश्वकर्मालाई गाउँ कार्यपालिकाको मिति :२०८१/०८/०३ गतेको बैठकले रु.१०,०००।- आर्थिक सहयोग गर्ने निर्णय गरेको र सो रकम अपुग हुने देखिएकोले सो रकममा रु.१०,०००।- थप गरी जम्मा रु.२०,०००।- आर्थिक सहयोग गर्ने । (श्रोत : आर्थिक सहायता)

प्रस्ताव नं. ४६

कार्यालयका लागि आवश्यक केही थान मोटरबाइक खरिद गर्ने सम्बन्धमा ।

निर्णय नं. ४६

स्वीकृत प्राविधिक स्पेशिफिकेशन समेतका आधारमा क्याटलग सपिङ विधि अपनाई कार्यालयका लागि आवश्यक ९ थान मोटरबाइक खरिद गर्ने ।

**श्रोत** :

(१) पिक अप खरिद : रु. २३,००,०००।-, (योजना संशोधन)

(२) मोटरसाइकल १ थान : रु. ३,५०,०००।-, (पशुपंक्षी विकास शाखाको)

(३) लागत साझेदारी : रु. .... (अपुग रकम)

प्रस्ताव नं. ४७

मूर्ति खरिद बापतको रकम भुक्तानी गर्ने सम्बन्धमा।

निर्णय नं. ४७

रोङ गाउँपालिका, वडा नं. - ६ स्थित श्री सरस्वती माध्यमिक विद्यालय रम्भ्याङको नवनिर्मित सरस्वती मन्दिरमा राख्नका लाययगि खरिद गरिएको गणेश र सरस्वतीको मूर्तिको रकम बिल बमोजिम भुक्तानी दिने। (श्रोत : आर्थिक सहायता)

प्रस्ताव नं. ४८

हर्कटे प्रहरी चौकी रंगरोगन गर्न सम्बन्धमा।

निर्णय नं. ४८

स्वीकृत प्राविधिक स्टिमेटका आधारमा हर्कटे प्रहरी चौकीको भवन रंगरोगन गर्ने (श्रोत : आर्थिक सहायता)

प्रस्ताव नं. ४९

उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौंसँग आवश्यक बजेट माग गर्ने सम्बन्धमा।

निर्णय नं. ४९

यस रोङ गाउँपालिका, वडा नं.- ३ स्थित पर्यटकीय स्थलहरु कुटीडाँडा, हाँसपोखरी र हर्कटे क्षेत्रमा अव्यवस्थित रुपमा रहेको 33,000 KVA को विद्युत प्रसारण लाइनले यस क्षेत्रको जनजीवनमा जोखिम निम्त्याउनुका साथै बजार, बस्ती र समग्र भूगोलकै सुन्दरतामा समेत ह्रास ल्याएको तथा वार्षिक कम्तीमा ३ लाख पर्यटक आकर्षित गरिरहेको पाथीभरा क्षेत्रको धार्मिक पर्यटनमा प्रतिकूल असर गरिरहेकोले उक्त विद्युत प्रसारण लाइनलाई जमिनमुनि व्यवस्थित गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिदिन हुन टोल विकास संस्थाहरुको मागपत्र, ज्ञापनपत्र, सर्जमिन मुचुल्का, गाउँ कार्यपालिकाको बैठकको निर्णय समेत संलग्न राखी उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौंसँग आवश्यक बजेट माग गर्ने।

प्रस्ताव नं. ५०

नागरिकता जारी गरिने क्षेत्र विस्तार सम्बन्धमा।

निर्णय नं. ५०

कोशी प्रदेश, इलाम जिल्ला, सूर्योदय नगरपालिका क्षेत्रभित्र रहेको सीमा प्रशासन कार्यालय, पशुपतिनगरबाट हाल नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने कार्य भइरहेको र सो कार्यालय यस रोङ गाउँपालिकाका सबै ६ वटै वडा (साबिक जिर्मले, इरौंटार, कोल्बुङ र शान्तिपुर गा. वि. स.) का नागरिकहरुका लागि पायक पर्ने, सजिलो, छरितो र कम खर्चिलो हुने भएकोले उक्त कार्यालयबाट यस रोङ गाउँपालिकाका सेवाग्राहीहरुलाई समेत नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्ने गरी सेवा क्षेत्र विस्तार गर्नका लागि सम्बन्धित निकायमा सिफारिस गरिदिन हुन अनुरोध गर्ने ।

प्रस्ताव नं. ५१

'गुरु किसान सहजकर्ता परिचालन कार्यविधि २०८१' स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं. ५१

'गुरु किसान सहजकर्ता परिचालन कार्यविधि २०८१' स्वीकृत गर्ने । गुरु किसान कार्यक्रमको फोकल पर्सनका रुपमा तत्कालका लागि कृषि विकास शाखाका प्राविधिक सहायक श्री सन्तोष लेप्चालाई तोक्ने । निजको स्थानमा लोक सेवा आयोगबाट कुनै कर्मचारी सिफारिस भई आएमा निजलाई उक्त कार्यविधि बमोजिम 'गुरु किसान सहजकर्ता' (सहायकस्तर पाँचौं) का रुपमा नियुक्त गर्ने ।

प्रस्ताव नं. ५२

'सुरक्षित आप्रवासन (SAMI-Safer Migration) कार्यक्रमको फोकल पर्सन तोक्ने सम्बन्धमा ।

निर्णय नं. ५२

रोङ गाउँपालिकामा चालू आ. व. २०८१/०८२ बाट सञ्चालन हुने 'सुरक्षित आप्रवासन (SAMI-Safer Migration) कार्यक्रमको फोकल पर्सन तोक्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५३

योजनाको म्याद थप गर्ने सम्बन्धमा ।

निर्णय नं. ५३

'म्याद थप गरिदिने' सम्बन्धमा सम्बन्धित उपभोक्ता समितिको निवेदन, पूर्वाधार शाखाको राय समेतका आधारमा रोङ गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी

कार्यविधि, २०७४ (संशोधन सहित) को दफा ७. क. (३) बमोजिम 'रोङ कृषि बजार तथा स्टल निर्माण' योजनाको म्याद मिति : २०८२/०१/१५ सम्मका लागि थप गर्ने।

प्रस्ताव नं. ५४

बडहरे-याङ्ग्रे सडक निर्माण सम्बन्धमा।

निर्णय नं. ५४

स्वीकृत लागत अनुमानका आधारमा बडहरे-याङ्ग्रे सडक निर्माण गर्नका लागि आवश्यक पर्ने ब्रेकरको खर्च 'लागत साझेदारी' बाट व्यहोर्ने।

प्रस्ताव नं. ५५

Construction of Chief Administrative Office Building को भेरिएसन आदेश स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय नं. ५५

निर्माण व्यवसायी संस्था Namuna Construction (P) Ltd. को मिति : २०८१/१०/०२ गतेको निवेदन समेतका आधारमा ठेक्का नं. RRM/ILAM/NCB/WORKS/078/079/04 रहेको 'Construction of Chief Administrative Office Building' सम्बन्धी कार्यको सम्बन्धमा पूर्वाधार शाखाले तयार गरेको Revised Estimate बमोजिम भेरिएसन आदेश नं. १ स्वीकृत गर्ने। यसरी Revised Estimate अनुसार साबिक लागत अनुमानमा रु. १३,७९,६९१।२३ थप हुने देखिएको र उक्त रकम गाउँपालिकाको स्वीकृत बजेटको समपूरक कोषबाट भुक्तानी दिने।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।*

*सही :* [signature] २०८२-१०-२४

*नाम : विनोद कुमार चौहान*

*पद : प्रमुख प्रशासकीय अधिकृत*